निर्णय प्रमाणित
०८१/१०/२८

मिति २०७८ साल माघ २३ गतेका दिन बसेको नगर कार्यपालिकाको सातौं बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो

**निर्णय नं १**

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/१०/१० गतेका दिन बसेको बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा समीक्षा गरियो कार्यान्वयन गर्न बाँकी अन्य निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत समिति, शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं २:**

युवा तथा खेलकुद मन्त्रालय, काठमाडौंको मिति २०७८।९।१९ मा प्रकाशित स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना बमोजिम चालु आर्थिक वर्षमा यस नगरपालिकाको वडा नम्बर २ तेह्र बिगाह क्षेत्रमा अवस्थित खेलकूद मैदानको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम यस नगरपालिकामा देहायबमोजिम गर्ने गर्ने गरी अनूसूची १ बमोजिमको ढाँचामा तत्काल निवेदन पेश गर्ने:

क) स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिमको कूल लागत अनुमान रकम रु. ५,३८,९२११६।- स्वीकृत गरी सो को ६० प्रतिशतले हुन आउने रकम रु. ३,२३,३५,२७०।- यस नगरपालिकाको चालु आर्थिक वर्षमा विनियोजित समपूरक कोषबाट आवश्यक पर्ने मोबिलाईजेशन लगायतको रकम ब्यहोर्ने । सो योजनालाई क्रमागत योजनाको रुपमा कार्य अघि बढाई आगामी वर्षमा क्रमशः बजेट ब्यवस्थापन गर्दै जाने ।

ख) निवेदनको ढाँचाको साथ माग भए बमोजिम उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जाको हकमा सो जग्गा ऐलानी प्रति जग्गा भएको र सोको संरक्षण एवं प्रयोग गर्ने अधिकार स्थानीय तहलाई भएको हुँदा सो को ट्रेस नक्सा पठाई नगरपालिकाले नै भोग चलन गर्ने विषय उल्लेख गर्ने ।

ग) माग भएका अन्य विवरणहरु तयार गर्ने लगायत पत्र प्रेषणको जिम्मा प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

**निर्णय नं ३**

यस नगरपालिकाको वडा नम्बर ३ मा अवस्थित कोहलपुर पुरैनीताल तथा पार्क निर्माण को लागि आव्हान गरिएको ठेक्का नम्बर BANKE/KOMUN/W/NCB-17/2077-78 को गत आर्थिक वर्षमा गरिएको बोलपत्रको बोलपत्र मान्य हुने अवधि समाप्त भएको र सबै बोलपत्रदाताहरुले सो अवधि बढाई बोलपत्र जमानत थप गर्न असमर्थ भएको कारणले गर्दा सो बोलपत्र रद्द गर्ने। साथै सोही कार्यको लागि साबिकको लागत अनुमान बमोजिम यस आर्थिक वर्षको दररेटले हुन आउने कूल रकम रु. ७,००,८४,९१५।– को लागत अनुमान स्वीकृत गरी सो योजनालाई क्रमागत योजनामा समावेश गरी तत्काल बोलपत्र गर्ने । चालु आर्थिक वर्षको अन्त्य सम्म सो आयोजनालाई भुक्तानी गर्नुपर्ने रकम समपूरक कोष तर्फ बिनियोजित बजेटबाट बिनियोजन गरी भुक्तानी गर्ने। साथै संघीय सरकारबाट सो शीर्षकलाई प्राप्त हुनुपर्ने रकम तत्काल माग गरी लेखी पठाउने ।

**निर्णय नं ४**

क) संघीय समपूरक कार्यक्रम अन्तर्गत कोहलपुर नगरपालिकाको रिङ्गरोड निर्माण कार्यको लागि पहिलो पटक बोलपत्र गरी रकम घट भएको र सोही घट भएको रकममध्ये जम्मा रकम रु ५० लाखको सोही शीर्षकमा कार्य गर्ने गरी पुन बोलपत्र आव्हान गर्ने । यसोगर्दा नगरपालिकाले ब्यहोर्नुपर्ने रकम मध्ये २५ लाख रुपैया समपूरक कोष बाट खर्च ब्यवस्थापन गर्ने।



टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ख) यस नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिमको रकम रु. १७,४६,९१,६४६।- को लागत अनुमान स्वीकृत गरी तत्काल बोलपत्र आव्हान गर्न कार्यालयलाई निर्देशन दिने । सो आयोजनालाई क्रमागत आयोजनामा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभागमा कूल बजेटको ५० प्रतिशतले हुन आउने रकम तत्काल माग गर्ने । बाँकी नपुग हुने रकम यस नगरपालिकाको चालु तथा आगामी आर्थिक वर्षमा समेत बजेट विनियोजन गर्ने ।

## निर्णय नं ५:

यस नगरपालिकाको विधायन समितिबाट प्राप्त भएका देहायबमोजिमका कार्यविधि एवं निर्देशिकाहरुमाथि छलफल गरियो । सो छलफलमा उठेका विषयहरु समेत समावेश गरी कार्यविधि एवं निर्देशिकाहरु स्वीकृत गर्नेः

क) कोहलपुर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७८
ख) कोहलपुर नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसंचालन कार्यविधि, २०७८
ग) कोहलपुर नगरपालिका मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०७८
घ) कोहलपुर नगरपालिका स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७८
ङ) कोहलपुर नगरपालिका भित्र संचालनमा रहेका मनोरंजन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका, २०७८
च) बालविकास केन्द्र तथा बालबिकास शिक्षक समायोजन कार्यविधि, २०७८
छ) सूचना प्रविधियुक्त शिक्षकसँग मेयर कार्यक्रम अन्तर्गत ल्यापटप वितरण कार्यविधि, २०७८
ज) नगरपालिकाको कार्यसंचालन कार्यविधि, २०७८
झ) उपप्रमुखसँग महिला स्वरोजगार कार्यक्रम कार्यविधि,२०७८
ञ) एक उपज एक नमूना कृषि फार्म कार्यक्रम संचालन कार्यविधि,२०७८
ट) एक वडा एक नमूनजा फर्म कार्यक्रम संचालन कार्यविधि,२०७८
ठ) पचास प्रतिशत अनुदानमा खोर गोठ तथा भकारो सुधार कार्यक्रम संचालन कार्यविधि,२०७८

## निर्णय नं ६

यस नगरपालिकाको देहायका शीर्षकहरुमा चालु आर्थिक वर्षमा बिनियोजित बजेटलाई खण्डीकरण (ब्रेक डाउन) एवं रकमान्तर गरी कार्यक्रम संचालन गर्नेः

क) राष्ट्रिय भूमि आयोग सम्बन्धी कार्य गर्ने जम्मा बजेट रकम रु. ६२ लाख
ख) नगरपालिकाको कोभिड ब्यवस्थापन सम्बन्धी बजेट मध्ये रु ४० लाख
ग) मठ मन्दिर मस्जिद चर्च र गुम्बातर्फ बिनियोजित जम्मा रकम रु ८ लाख मध्ये प्रत्येक वडामा वडा समितिले निर्णय गरी कार्य गर्नेगरी प्रति वडा रु ५० हजारको दरले बजेट बिनियोजन
घ) संघीय सरकारको विशेष अनुदान तर्फको बादी तथा गन्दर्भ समुदाय विशेष कार्यक्रमको समबन्धमा कोहलपुर नगरपालिकाका स्थायी बासिन्दा लाभग्राही निवेदक मध्ये कोही पनि नछुट्ने गरी वडा



टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कार्यालयहरुले छुट व्यक्तिहरु भए पाँच दिनभित्र नगरपालिकामा सिफारिस गर्ने र सो निवेदन उपर आर्थिक विकास समितिमा छलफल गरि सोको सिफारिस बमोजिम कार्यक्रम संचालन गर्ने ।

ङ) कृषि शाखा तर्फको लाभग्राहीमा र शीर्षकमा थपघट नहुने गरी प्रस्तावित रु ५ लाखको कार्यक्रम संसोधन स्वीकृत गर्ने,

च) तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०७९।८० को लागि विगत आर्थिक वर्षदेखि सोही शीर्षकबाट निर्माणाधिन कोहलपुर बाल अस्पताल निर्माण कार्यका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (तराई मधेस समृद्धि कार्यक्रम)मा बजेट माग गरी पठाउने ।

<u>निर्णय नं ७ विविध विषयहरु:</u>

क) नवपर्वर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम कार्य गर्न ईच्छुक स्थानीय तहहरुलाई अवधारणा पत्र पेश गर्न मिति २०७८ माघ १९ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशबाट सूचना प्रकाशन भएकोमा सो कार्यक्रम अन्तर्गत नगरपालिकाले कूल लागतको २० प्रतिशत रकम समपुरक कोष तर्फ बिनियोजित बजेटबाट ब्यहोर्ने गरी करिव १ करोड रुपैया बराबरको नगरपालिकाको १५ वटै वडा मुकाम सम्म अप्टिकल फाईबर विस्तार, कम्तीमा ६० स्थानमा सिसिटिभी जडान, आफ्नै ईन्ट्रानेट समेत संचालन गर्न मिल्ने किसिमको योजना तयार गरी सो को विस्तृत परियोजना प्रतिवेदन तयार गरी पेश गर्न कार्यालयलाई अनुमति दिने ।

ख) हालै भएको वर्षा तथा असिनापानीले यस नगरपालिकाको क्षेत्रभित्र हिउँदेबालीमा गरेको क्षतिको तत्काल मुल्यांकन गरी क्षतिपूर्ति एवं राहत उपलब्ध गराउन श्री कृषि ज्ञान केन्द्र, बाँके तथा जिल्ला प्रशासन कार्यालय, बाँके एवं संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

ग) यस नगरपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण विद्यालयहरुमा कोभिड १९ को संक्रमणबाट बच्ने मापदण्डहरुको पूर्ण पालना गरी बिद्यालयहरु भौतिक रुपमा संचालन गर्ने गरी नगरपालिकाको नगरपालिकाको कोभिड ब्यवस्थापन समितिलाई अन्य ब्यवस्थापन गर्ने गरी अधिकार दिने ।

घ) यस नगरपालिका क्षेत्रमा मालपोत तथा नापी कार्यालय स्थापना गर्न अनुरोध गर्दै यस अघि नै नेपाल सरकारमा अनुरोध गरिएकोमा तहाँबाट स्वीकृति भई आएमा तत्काल कार्यालय भवन उपलब्ध गराइदिन कोहलपुर नगर विकास समितिमा अनुरोध गर्ने । साथै दीर्घकालीन ब्यवस्थापनको लागि यस नगरपालकिको वडा नम्बर ४ किरण नालामा रहेको ऐलानी प्रति जग्गा मध्ये परीक्षा नियन्त्रण कार्यालय लाई उपलब्ध गराई बाँकी रहेको सोही प्लट मध्ये १० कट्ठा जग्गा उपलब्ध गराउने ।



०८/१०/२८
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत